प्रमुख समाचार

- राष्ट्रपतिले भन्नुभएको छ, प्रवासी भारतीयले वैश्विक समुदायअघि भारतको सही तस्वीर पेश गर्दछन्
- प्रधानमन्त्रीले भन्नुभएको छ, उहाँ विकसित भारतका लागि सबै समस्याको समाधान चाहनुहुन्छ
- रक्षा मन्त्रीले जोड़ दिँदै भन्नुभयो, सरकारले सशक्त रक्षा औद्योगिक तन्त्र निर्माण गर्न सुधारात्मक नीति बनाइरहेछ
- कोइला मन्त्रीले राख्नुभयो CCL बहुविशेषतायुक्त अस्पतालको आधारशिला अनि
- मुख्यमन्त्री श्री योगी आदित्यनाथले शुरू गर्नुभयो महाकुम्भ 2025-लाई समर्पित आकाशवाणीको कुम्भवाणी

President - Pravasi Bharatiya Divas

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आज भन्नुभयो, प्रवासी भारतीयले वैश्विक समुदायअघि भारतको सही तस्वीर पेश गर्दछन्। राष्ट्रपति मुर्मूले भन्नुभयो, भारतीय प्रवासीहरूले चिकित्सा र प्रौद्योगिकीसहित सबै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेको छ। राष्ट्रपति आज दिउँसो भुवनेश्वरको जनता मैदानमा अठारौं प्रवासी भारतीय दिवस सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। सम्बोधनअघि राष्ट्रवपतिले विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यका लागि प्रवासी भारतीयका प्रतिष्ठित सदस्यहरूलाई प्रवासी भारतीय सम्मानले सम्मानित पनि गर्नुभयो। केन्द्रिय मन्त्री डाक्टिर सुब्रमण्यम जयशंकर, श्री जोएल ओराम, श्री धर्मेन्द्र प्रधान, ओडिशाका राज्यापाल श्री हरि बाबू कम्भमपति, मुख्योमन्त्री श्री मोहन चरण माझी र अन्य उपस्थित थिए।

यसअघि राष्ट्रवपतिले हाथले बुनेका साड़ी, उत्तम कारीगरी र अन्य पारम्परिक उत्कृष्ट कलाको प्रदर्शन गर्ने ओडिशा मण्डपसहित विभिन्न मण्डपको अवलोकन गर्नुभयो। यी मण्डपहरूको उद्देश्य विश्वका दर्शकहरू समक्ष ओडिशाको समृद्ध संस्कृतिको उत्सव मनाउनु अनि आफ्ना कलाकार तथा शिल्पकारहरूलाई प्रोत्साहित गर्नु हो। प्रवासी भारतीय दिवस सम्मेलनको आज समापन भयो।

---------------------------------------X---------------------------------------

PM Interview

प्रधानमन्त्री श्री नरेन्द्र  मोदीले आज जोड़ दिँदै भन्नुभएको छ, उहाँ वर्ष 2047-सम्ममा विकसित भारतका लागि सबै समस्याहरूको समाधान चाहनुहुन्छ। सरकारी योजनाहरूको शत प्रतिशत कार्यान्वयन हुनुपर्छ भन्दै उहाँले भन्नुभयो, यो सामाजिक न्याय र धर्मनिरपेक्षताको साँचो स्वरूप हो। प्रमुख उद्यमी निखिल कामथलाई दिइएको एउटा अन्तरवार्तामा श्री मोदीले यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो, एकजना मानिसको रूपमा उहाँबाट पनि गल्ति हुन्छ, तर उहाँले कहिले पनि नराम्रो नियतले गल्ति गर्नुहुनेछैन। प्रधानमन्त्रीले भन्नुभयो, राजनीतिमा सफल हुन व्यक्तिले समर्पण, प्रतिबद्धता, उत्कृष्ट टोली सदस्य र जनसेवाप्रति सँधै उपलब्ध हुनुपर्छ। श्री मोदीले यो पनि भन्नुभयो, राम्रो मानिसले लगातार राजनीतिमा आउनका साथै उसले केवल महत्वाकांक्षा नभएर एउटा अभियानका साथ यस्तो गर्नुपर्छ भन्ने उहाँको धारणा हो। लगभग दुई घण्टाको अन्तरवार्तामा प्रधानमन्त्रीले आफ्नो जीवन यात्रा, शिक्षा, राजनीतिक करियर, प्रबन्धन कौशल र अन्य पक्षमाथि चर्चा गर्नुभयो।

---------------------------------------X---------------------------------------

Rajnath-Aero India

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज जोड़ दिँदै भन्नुभयो, सरकारले एउटा सशक्त रक्षा औद्योगिक तन्त्रको निर्माणका लागि सुधारात्मक नीति बनाइरहेछ। यसको उद्देश्य आत्मनिर्भर र प्रौद्योगिकी स्तरमा सहयोगलाई प्राथमिकता दिनु हो। एयरो इण्डिया 2025-भन्दा अघ ि नयाँ दिल्लीमा राजदूतहरूसित गोलमेज बैठकको अध्यक्षता गर्दै रक्षा मन्त्री श्री सिंहले रक्षा र वायु क्षेत्रमा राष्ट्रको प्रगतिको उल्लेख गर्नुभयो अनि अतिआधुनिक प्रौद्योगिकीको सफलतापूर्वक विकासमाथि जोड़ दिनुभयो। उहाँले भन्नुभयो, भारत लडाकू विमान, परमाणु पनडुबी, विशेष प्रकारका युद्ध ट्याक र अन्तरद्विपीय ब्यालेस्टिक मिसाइलको निर्माण र उत्पादनमा शामेल भएका चयनित राष्ट्रहरूमा शामेल छ। उहाँले C-295 विमान निर्माण केन्द्रको स्थापनालाई रक्षा क्षेत्रमा अन्तरराष्ट्रिय सहकार्य बढाउने देशको प्रतिबद्धताको प्रमाण बताउनुभयो। श्री सिंहले भन्नुभयो, जुन विदेशी कम्पनीहरू भारतमा कारोबार शुरू गर्न र भागीदार बन्न चाहन्छन्, उनीहरूका लागि वायु क्षेत्र र रक्षा क्षेत्रमा धेरै अवसर उपलब्ध छन्।

---------------------------------------X---------------------------------------

Jharkhand Coal Minister

केन्द्रिय कोइला मन्त्री श्री G किसन रेड्डीले आज राँचीको काँकेमा CCL बहुविशेषतायुक्त अस्पतालको आधारशिला राख्नुभयो। श्री रेड्डीको झारखण्डमा दुई दिनको आधिकारिक यात्रा आज समाप्त भयो। यस अवसरमा श्री रेड्डीले

भन्नुभयो, दुई सयवटा पलङयुक्त अस्पतालको निर्माण स्वास्थ्य क्षेत्रमा माइलखुट्टी साबित हुनेछ। यसपछि, श्री रेड्डीले भारतीय कोइला प्रबन्धन संस्थानका प्रशिक्षु अधिकारीहरूसित कुराकानी गर्नुभयो।

केन्द्रिय मन्त्रीले हिजो अबेर राति झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेन र कोल इण्डियाका अध्यक्ष तथा विभिन्न अन्य अधिकारीहरूसित भेट गर्नुभयो। श्री रेड्डीले भन्नुभयो, झारखण्डका मानिसहरूको हितमा केन्द्र र राज्य सरकार मिलेर काम गर्नेछ। कोइला मन्त्रीले राज्य सरकारको सहयोगबाट कोइला परियोजनाको बक्यौता राशि भुगतानको प्रामाणिकताको मुल्याङ्कन गर्ने आदेश केन्द्रिय अधिकारीहरूलाई दिनुभयो। केन्द्रिय मन्त्रीले बक्यौता राशि भुगतानको आश्वासन मुख्यमन्त्रीलाई दिनुभएको छ। सूत्रकाअनुसार यस बैठकमा बक्यौता राशि भुगतानको प्रामाणिकताको मूल्याङ्कन गर्न संयुक्त समिति गठनलाई लिएर पनि चर्चा भयो।

---------------------------------------X---------------------------------------

UP-Kumbhavani

उत्तर प्रदेशको प्रयागराजमा आज मुख्यमन्त्री श्री योगी आदित्यनाथले महाकुम्भ 2025-लाई समर्पित आकाशवाणीको कुम्भवाणी च्यानलको शुभारम्भ गर्नुभयो। यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो, महाकुम्भ जाति, पन्थ र भेदभावदेखि माथि छ र महाकुम्भले एकताको सन्देश फैलाउँदछ। कार्यक्रममा सूचना एवं प्रसारण राज्य मन्त्री डाक्टर L मुरुगन भर्चुअल रूपमा सामेल हुनुभयो।

कार्यक्रममा उत्तर प्रदेशका मुख्यमन्त्रीद्वारा कुम्भ मंगल धुनको पनि शुभारम्भ गरियो। आकाशवाणीको कुम्भवाणी च्यानलले छब्बीस फरवरीसम्म बिहान पाँच बजेर पचपन मिनटदेखि राति दश बजेर पाँच मिनटसम्म महाकुम्भका प्रत्येक गतिविधिमाथि आधारित विभिन्न कार्यक्रम प्रसारित गर्नेछ। कुम्भवाणी च्यानलको माध्यमबाट अमृत स्नानको प्रत्यक्ष कमेन्ट्री प्रसारित गरिनेछ। यस अवसरमा प्रसार भारतीका अध्यक्ष डाक्टर नवनीत कुमार सहगल, मुख्य कार्यकारी अधिकारी श्री गौरव द्विवेदी, आकाशवाणीकी महानिदेशक डाक्टर प्रज्ञा पालीवाल गौड़, दूरदर्शनकी महानिदेशक श्रीमती कञ्चन प्रसादसहित अन्य उपस्थित थिए। कार्यक्रमलाई 103 दशमलौ 5 मेगाहर्ज फ्रीक्वेन्सी, newsonair ऐप र वेब्स OTT प्लेटफर्म वेब्समा सुन्न सकिनेछ।

---------------------------------------X---------------------------------------

Government - Tax Distribution

केन्द्रले आज राज्य सरकारहरूलाई एक लाख तीहतर हजार तीस करोड़ रूपियाँको कर हस्तान्तरण गर्‍यो। यसअघि दिसम्बर 2024-मा उननब्बे हजार छयासी करोड़ रूपियाँको कर राशि हस्तान्तरण गरिएको थियो। वित्त मन्त्रालयले एउटा बयानमा भनेको छ, यस महिना राज्यहरूलाई अधिक राशि हस्तान्तरण गरिँदैछ, ताकि उनीहरूको पूञ्जीगत व्ययमा गति ल्याउन सकियोस् अनि उनीहरूलाई विकास र कल्याण सम्बन्धी व्ययको वित्तपोषणमा सक्षम बनाउन सकियोस्। उत्तर प्रदेशलाई कर हस्तान्तरणको सबैभन्दा ठूलो हिस्सा एकतीस हजार करोड़ रूपियाँभन्दा अधिक प्राप्त भयो। यसपछि बिहार र मध्य प्रदेशको स्थान छ।

---------------------------------------X---------------------------------------

J&K Portal

जम्मू-कश्मीरका मुख्यमन्त्री श्री उमर अब्दुल्लाले आज जम्मूको सिविल सचिवालयमा जम्मू-कश्मीर सूचनाको अधिकार (RTI) अनलाइन पोर्टलको शुरूवात गर्नुभयो। यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो, पोर्टलको माध्यमबाट मानिसहरूलाई सरकारी सूचना सहज रूपमा उपलब्ध हुनेछ। यसबाट नागरिकहरूलाई तत्काल र पारदर्शी तथा कम लागतमा सूचना उपलब्ध हुनेछ। श्री अब्दुल्लाले सम्बन्धित अधिकारीहरूलाई यस शुरूवातको जानकारी अधिकभन्दा अधिक मानिसहरूलाई उपलब्ध गराउनु भन्नुभयो, ताकि मानिसहरू यसबाट लाभान्वित बन्न सकुन्।

---------------------------------------X---------------------------------------

Anupriya Patel - World Hindi Day

स्वास्थ्य तथा परिवार कल्याण राज्य मन्त्री श्रीमती अनुप्रिया पटेलले भन्नुभएको छ, विभिन्न देशका अधिकभन्दा अधिक मानिसहरू अहिले हिन्दी सिक्न चाहन्छन्, जसबाट भाषाको वैश्विक विस्तार भइरहेछ। विश्व हिन्दी दिवसको अवसरमा आज नयाँ दिल्लीमा एउटा कार्यक्रममा उहाँले भन्नुभयो, हिन्दी, केवल भाषाको माध्यम नभएर यो एकता यस्तो सूत्र हो, जसले देशलाई एकजुट बनाएको छ। उहाँले भन्नुभयो, सूचनालाई सुगम प्रसारका लागि सरकारको कामकाजमा हिन्दीलाई सक्रिय रूपमा प्राथमिकता दिइँदैछ।

---------------------------------------X---------------------------------------

Delhi- RWA Security Guard

आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री अरविन्द केजरीवालले आज दिल्लीमा आफ्नो पार्टी सत्तामा फर्किएको खण्डमा निवासी कल्याण संघ (RWA)-लाई निजी सुरक्षा गार्ड राख्न वित्तीय सहायता प्रदान गर्ने घोषणा गर्नुभएको छ। उहाँले भन्नुभयो, दिल्लीवासीको सुरक्षा आम आदमी पार्टीको सबैभन्दा ठूलो प्राथमिकता हो। श्री केजरीवालले भन्नुभयो, RW-लाई आ-आफ्नो इलाकामा सुरक्षा गार्ड नियुक्त गर्न दिल्ली सरकारको तर्फबाट उचित राशि दिइनेछ। उहाँले केन्द्र सरकारमाथि दिल्लीमा अपराध रोक्नमा विफल रहेको आरोप लगाउँदै भन्नुभयो, दिल्लीमा लगातार अपराध बढ़िरहेछ।

---------------------------------------X---------------------------------------

Secretary-DPIIT

उद्योग तथा आन्तरिक व्यापार संवर्धन विभाग (DPIIT)-का सचिव श्री अमरदीप सिंह भाटियाले भन्नुभएको छ, विभागअन्तर्गत एक करोड पचास लाखभन्दा अधिक पञ्जीकृत स्टार्ट-अपसहित देशको स्टार्ट-अप पारिस्थितिकी तन्त्रमा विगत नौं वर्षमा उल्लेखनीय वृद्धि भएको छ। नयाँ दिल्लीमा आज पत्रकारहरूसितको कुराकानीमा श्री भाटियाले भन्नुभयो, समर्पित स्टार्ट-अप नीति भएका राज्य र केन्द्रशासित प्रदेशहरूको संख्या पनि वर्ष 2016-मा चारदेखि बढ़ेर एकतीस भएको छ।

---------------------------------------X---------------------------------------

Women Cricket - First ODI

भारतले राजकोटको सौराष्ट्र क्रिकेट संगठन स्टेडियममा आज खेलिएको तीनवटा खेलको महिला एक दिवसीय अन्तरराष्ट्रिय श्रृङ्खलाको उदघाटनीय खेलमा आयरल्याण्डमाथि छह ह्विकेटले जित दर्ता गरेको छ। दुई सय उन्चालीस रनको लक्ष्य पछ्याउँदै अघि बढ़ेको भारत केवल चौंतीस ओबर तीन बलमा आफ्नो लक्ष्य प्राप्त गर्न सफल बन्यो। श्रृङ्खलाको दोस्रो खेल आगामी आइतबार यसै खेल मैदानमा खेलाइनेछ।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- राष्ट्रपतिले भन्नुभएको छ, प्रवासी भारतीयले वैश्विक समुदायअघि भारतको सही तस्वीर पेश गर्दछन्
- प्रधानमन्त्रीले भन्नुभएको छ, उहाँ विकसित भारतका लागि सबै समस्याको समाधान चाहनुहुन्छ
- रक्षा मन्त्रीले जोड़ दिंदै भन्नुभयो, सरकारले सशक्त रक्षा औद्योगिक तन्त्र निर्माण गर्न सुधारात्मक नीति बनाइरहेछ
- कोइला मन्त्रीले राख्नुभयो CCL बहुविशेषतायुक्त अस्पतालको आधारशिला अनि
- मुख्यमन्त्री श्री योगी आदित्यनाथले शुरू गर्नुभयो महाकुम्भ 2025-लाई समर्पित आकाशवाणीको कुम्भवाणी